मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




● वर्ष ३ ● अंक १२९ ● २०८१ साल चैत्र १० गते आइतबार ● Sunday 23, March 2025 ● सूर्योदयः बिहान ६:०६ बजे ● सूर्यास्तः साँझ ६:१८ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## संघीयता वरदान होइन अभिसाप भयोः लिङ्देन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले संघीयता मुलुकका लागि वरदान नभएर अभिसाप भएको बताएका छन् । उनले केही समय यता मधेशकेन्द्रित दलका नेताले संघीयता सबै रोगको ओखती हो भनेर प्रचार गरे पनि अहिले त्यो असफलसिद्ध भइसकेको बताए । उनले भने, 'संघीयता आएपछि मधेशका केही थान नेताका लागि मन्त्री र पदमा पुग्ने व्यवस्था भए पनि त्यसले आमजनताको जीवनमा के प्रभाव पारेको छ त, संघीयता सबै रोगको ओखती होइन देश टाट पल्टाउने, जातजाति र समुदायमा विभाजन ल्याउने बाहेक केही गरेन ।'

पार्टीले जनकपुरधाममा गरेको विरोध सभामा अध्यक्ष लिङ्देनले देश असफल राष्ट्र बन्नेतर्फ गइरहेको बताए । अध्यक्ष लिङ्देनले देश आर्थिक, राजनीतिक, सामाजिक र वैदेशिक सम्बन्धको हिसाबले चौपट अवस्थामा पुगिसकेको र नेपाली जनता समयमा सचेत नभए देश असफल राष्ट्र बन्ने बताए ।

उनले भने, 'हामीले हाम्रै आँखाले १० वर्षे द्वन्द्व देखेका छौँ । हामीले मधेश आन्दोलन देखेका छौँ । हामीले कस्तोकस्तो घटना देख्यौँ । एउटा भाइले दाजु मारेको हेर्यौं, एउटा छिमेकीले अर्को छिमेकी मारेको हेर्यौं, हाम्रै अगाडि रगतको खोला बगेको देख्यौँ । त्यो सबै देखेपछि लाग्छ, सबै ठिकै छ तर नराम्रो हुन मात्र रगत बगेको रहेछ । हाम्रो आँखाले अहिले रगत नबगेको देखे पनि देशको स्थिति हाम्रो समयकै सबैभन्दा खराब अवस्थामा छ ।' देशको राजस्वले नेता र कर्मचारीलाई तलब भत्ता खुवाउने अवस्था नरहेको भन्दै तलब र भत्ताकै लागि हरेक महिना ऋण लिनुपर्ने अवस्था रहेको उनले बताए ।

उनले भने, 'हाम्रो आम्दानीले हाम्रो साधारण खर्च पुग्दैन भने देशको कस्तो अवस्था होला ? यो संविधान जारी हुनुभन्दा अगाडि देशको ऋण ६ खर्ब रुपैयाँ थियो, अहिले कति छ थाहा छ ? अहिले हाम्रो राष्ट्रिय ऋण २६ खर्ब ७६ अर्ब रुपैयाँ पुग्यो, भनेपछि कल्पना गर्नुहोस्, देश कहाँ पुगेको छ ।' लिङ्देनले राजा हुँदा र अहिलेको ऋणको अवस्था हेर्न भन्दै उनले अर्थतन्त्रको हिसाबले देश कहालीलाग्दो अवस्थामा रहेको र देश चलाउनेहरु सुध्रने कुनै लक्षण नरहेको बताए । अध्यक्ष लिङ्देनले उनीहरुले लोकतन्त्र र गणतन्त्रका नाममा लुट



मच्चाइराखेको बताए ।

उनले २०४६ को राजनीतिक परिवर्तनपछि प्रजातन्त्र बनेको, त्यसपछि गणतन्त्र र अहिले लोकतन्त्र बनिसकेको भन्दै भने, 'पार्टी तिनै छन्, नेता पनि मरेर गएकाबाहेक तिनै छन् । यो ३५ वर्षको समयमा राजा ज्ञानेन्द्रको पुगनपुग डेढ वर्ष प्रत्यक्ष शासनबाहेक यही एमाले, कांग्रेस र माओवादी सत्तामा छन्, अनि देश कहाँ पुग्यो ?' वैदेशिक रोजगारीमा गएका युवाले कमाएर यहाँ रुपैयाँ नपठाएको भए गाउँघरमा दशैँतिहार, यहाँ पसल चल्ने अवस्थासमेत नहुने बताए । 'कल्पना गर्नुहोस्, हाम्रो देशका युवा वैदेशिक रोजगारीमा नगएको भए के हुन्थ्यो ? मान्छेले मान्छेलाई मारेर खानुपर्ने स्थिति आउँथ्यो,' उनले भने, 'राज्यले भनेको छ, ६० लाख युवा वैदेशिक रोजगारीमा गएका छन् । ३ करोड जनसंख्या भएको देशमा ६० लाख गएका छन भने वैदेशिक रोजगारी विभागमा नाम नलेखाएर गएका मानिस पनि त्यतिकै छन् । भनेपछि सबै मिलाएर १ करोडभन्दा बढी वैदेशिक रोजगारीमा छन्, उनीहरु नगएको भए के अवस्था हुन्थ्यो ?' अध्यक्ष लिङ्देनले देशमा परिवर्तन आवश्यक रहेको भन्दै अहिले पनि नजागे देश बर्बादीमा सबै सहभागी भएको ठहरिने बताए । अहिलेको नेतृत्वमा रहेको केपी ओली, शेरबहादुर देउवा र प्रचण्डलाई बाँचुन्जेलसम्म सत्तामा बस्ने जिम्मेवारी दिए यो देश बन्नेवाला छ भनेर उनले प्रश्न गरे । उनले यिनीहरुलाई जति दिनसम्म सत्तामा बस्न दिइन्छ, त्यति दिनसम्म देश बर्बाद भइराख्ने बताए ।

अध्यक्ष लिङ्देनले जनदबाब सिर्जना गरेर चुनाव अगाडि देशमा परिवर्तन ल्याउनुपर्ने बेला आएको बताए । उनले अबको परिवर्तन अभिभावक संस्थाका रुपमा राजा रहने र जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुनुपर्ने बताए । उनले अहिलेको निर्वाचन प्रणालीअनुसार एउटा सानो निर्वाचन क्षेत्रबाट निर्वाचित भएर जितेर गएका व्यक्ति प्रधानमन्त्री हुने व्यवस्था रहेको र यसकारण प्रधानमन्त्रीले देशको चिन्ता नगरी आफ्नो क्षेत्रको चिन्ता मात्र गरेको बताए । कार्यक्रमा पार्टीका पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले अहिले देशको अर्थतन्त्र निकै कमजोर भएको बताउँदै अभिभावकका रुपमा राजासहितको प्रजातन्त्र र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भए मात्रै मुलुक सही दिशामा जाने जिकिर गरे । पार्टी प्रवक्ता ज्ञानेन्द्र शाहीले मुलुकमा व्यवस्था र अवस्था फेर्न निर्णायक आन्दोलन खाँचो रहेको बताए ।

## राजतन्त्र आउने कुनै सम्भावनाः भट्टराई




नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले देशमा राजतन्त्र आउने कुनै सम्भावना नरहेको बताएका छन् । शनिबार जनकपुरधामस्थित प्रादेशिक पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका भट्टराईले संविधानसभाबाट उनलाई हटाएकाले आउने सम्भावना नरहेको बताए ।

'कतिपय मान्छेले राजतन्त्र आयो भने के बिग्रिन्छ ? खास गरेर अहिले हिन्दू कट्टरपन्थी शक्तिले हिन्दू राजा ल्याएपछि आफ्नो धार्मिक आस्थाको रक्षा हुने बालसुलभ सोचाई राख्छन्, उनीहरुप्रति हाम्रो भनाई के छ भने राजतन्त्र आउनु भनेको संविधान भत्काउने हो,' उनले भने, 'संविधानसभाले जहाँ नेपाली जनतालाई सार्वभौम बनाएको छ, यो संविधान नै भत्कियो भने सार्वभौमसत्ता नै गयो अनि त्यो खाली ठाउँ कसले भर्ने ? बाहिरी शक्तिले कि सेनाले कि अन्य शक्तिले देश त फेरि अस्थिरतातर्फ फस्छ । यो जटिल भूराजनीति भएको मुलुकमा फेरि अस्थिरतामा गयो भने देशको सार्वभौमसत्ता नै गम्भीर समस्यामा पर्छ ।'

भट्टराईले मधेश प्रदेश मधेशी जनताले आफ्नो अधिकार र पहिचानका निम्ति सबैभन्दा बढी बलिदानी दिएको क्षेत्र रहेको उल्लेख गर्दै भने, 'राजतन्त्र एउटा खास जाति विशेषको पुरुष राजा हुने प्रथा हो । त्यसमा सार्वभौमसत्तानिहित हुने भएकाले त्यसले स्वतः संघीयता खारेज गर्छ ।' उनले भ्रष्टाचार र बेथिति सम्बन्धमा प्रस्ट धारणा राख्दै भने, 'आज भन्दा तीन गुणा बढी भ्रष्टाचार राजा र राणाको पालामा हुन्थ्यो । तर उनीहरू त्यति कुटिल थिए कि तिनका गलत काम जनतासम्म पुग्न दिँदैनथे । त्यसैले जनतालाई शिक्षित नै गराइएन । अहिले जनताले पढ्न र लेख्न पाएका छन् । केही क्षेत्रमा अझै शिक्षा आवश्यक छ, तर त्यस समयमा त आधारभूत शिक्षा पनि सीमित व्यक्तिसम्म मात्र सीमित थियो । राजाहरूले आफ्नै सत्ता सुरक्षित राख्न खोलिएका केही विद्यालयमा मात्र शिक्षाको पहुँच थियो ।'

उनले नेपाल बहुलजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक भएको देशमा सबैकाबीच एकता कायम गर्नुपर्ने ठाउँमा एउटा जातिको पुरुष र एउटा जाति, धर्म मान्ने पुरुष राज्यसत्तामा ल्याउने भनेको समावेशिता, जातीय, क्षेत्रीय विविधतामाथि समेत प्रहार हुने र यसले ठूलो द्वन्द्वमा लैजाने भएकाले यसबारे सोच्नसमेत गलत हुने बताए । भट्टराईले अहिले कांग्रेस, माओवादी र एमालेले पालैपालो कुशासन दिने काम गरेको भन्दै उनीहरुले देशमा सुशासन र समृद्धि ल्याउन नसकेकाले ठूलो संख्यामा युवा विदेशिएकाले यसको विकल्प दिने समय रहेको उनले बताए । उनले समाजवादी शक्ति नै अहिले देशको विकल्प रहेको र त्यसको निम्ति सबै दल मिलेर अगाडि बढ्नुपर्ने बताए ।

यस्तै, पूर्व विशिष्ट पदाधिकारीको सेवासुविधा सम्बन्धमा बन्न लागेको कानून सम्बन्धमा उनले देशको आवश्यकता अनुसार सबैको सेवासुविधा कम गर्नुपर्ने बताए । उनले भने, 'जबसम्म देश सम्पन्न हुँदैन, त्यतिबेलासम्म लोभलाग्दो गर्नुहुँदैन । तर तपाईंहरुको ध्यान कहाँ पुगिरहेको छैन भने नियमकानून नबनाएर अपारदर्शी ढंगले पूर्वप्रदाधिकारीले सेवासुविधा लिइरहेका छन् । बाबुराम भट्टराई मात्र सेवासुविधा नलिने व्यक्ति हुन् । दुईजनालाई मात्र लिएर हिँडछु, त्यसबाहेक न कुनै उपचारका लागि लिएको छु । न कुनै राज्यको सम्पत्ति लिएको छु,' उनले भने । 'कतिपय मान्छेले नियमकानून नबनाइकन लिएका छन् । लिनुछ भने पारदर्शी ढंगले लिनुस् । लाख–करोड ठूलो कुरा होइन,' उनले भने । उनले नियमकानून नबनाएर पटके निर्णय गरेर नेतालाई रिझाएर पूर्वप्रधानमन्त्री, पूर्वराष्ट्रपतिले सुविधा लिइरहेकाले प्रश्न गुर्नपर्ने अवस्था त्यहाँ रहेको बताए ।

## असुरक्षापछि दलित परिवार विस्थापित



**मधेशदृष्टि**
**सिरहा ।**
औरही गाउँपालिका–५ मा महायज्ञको नाममा घर भत्काइएका दीपक मरिकको परिवार असुरक्षाका कारण विस्थापित भएको छ । घर भत्काएको घटना सार्वजनिक भएपछि असुरक्षा बढ्न थालेपछि दीपककी श्रीमती अनिता मरिक सिरहा–१९ सन्हैठामा आफन्तकहाँ बस्न गएकी छन् । दीपक आफैँ भने गाउँकै एक जनाको घरमा बसोबास गरिरहेको स्थानीयले बताए ।

उनका छोराछोरी भने घरनजिकै रहेको प्रहरी चौकीमा सुतेका थिए । प्रहरीले सुरक्षाका कारण दीपकका परिवारलाई सुरक्षित स्थानमा राखेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी रमेश पण्डितले जानकारी दिए ।

घर भत्काउन नेतृत्व गरिरहेका गाउँपालिका प्रमुख शिवजी यादव र पूर्ववडाअध्यक्ष दिलीप यादव पक्राउ परेपछि औरहीमा सुरक्षा व्यवस्था बढाइएको छ ।

मरिक परिवारको घर सुरक्षाका लागि करिब दुई दर्जन प्रहरी परिचालन गरिएको छ । औरही गाउँपालिका–५ मा महायज्ञ लगाउने स्थानबाट दीपक मरिकको फागुन १० गते गाउँपालिका अध्यक्षको नेतृत्वमा डोजर चलाएर घर भत्काइएको हो ।

## राजतन्त्र फर्कने कुनै सम्भावना छैनः पोखरेल




**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेका महासचिव शंकर पोखरेलले राजतन्त्र फर्किने कुनै सम्भावना नरहेको बताएका छन् । नेकपा एमाले पर्साले गरेको अभिमुखीकरणमा महासचिव पोखरेलले अहिलेको व्यवस्था नै उत्कृष्ट व्यवस्था भएको बताए । लामो त्याग र बलिदानपश्चात प्राप्त लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नुपर्नेमा उनले जोड दिए ।

पोखरेलले पार्टीको नीति तथा कार्यक्रमबारे जानकारी गराउँदै नेता कार्यकर्तालाई सक्रियतापूर्वक लाग्न निर्देशन दिए । कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले वीरगन्जको मुख्य सडक २५–२५ मिटर फराकिलो पार्न कुनै आवश्यक नभएको अभिव्यक्ति दिए । वर्तमान अवस्थामै सडक पर्याप्त रहेको र अनावश्यकरूपमा चौडा बनाउनु पर्ने माग उचित नभएको उनको अभिव्यक्तिको वीरगंजबासीले आलोचना गरेका छन् ।

यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डले पनि सडक विस्तार गर्न आवश्यक नभएको बताएपछि उनको चौतर्फी आलोचना भइरहेको छ । चितवनको भरतपुरमा फराकिलो सडक बनाएर विकास गर्ने र वीरगंजको मुख्य सडक बिस्तार गर्न नहुने बताएपछि उनलाई विकासविरोधीको संज्ञा पनि सामाजिक सञ्जलामार्फत दिइएको छ । कार्यक्रममा नेकपा एमालेका मधेश प्रदेश इञ्चार्ज लिलानाथ श्रेष्ठ, पर्सा इञ्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्य निर्मला देवकोटालगायतका नेता उपस्थित थिए । कार्यक्रमको अध्यक्षता महानगर कमिटी अध्यक्ष राजेन्द्र प्रसाद यादवले गरेका थिए भने सञ्चालन सचिव सुन्दर कुर्मीले गरेका थिए ।

**नेताहरुद्वारा एमाले परित्याग**

नेकपा एमालेका नेता हरिनारायण चौधरी र पवन तिवारीले एमाले परित्याग गरेका छन् । पटेर्वा सुगौली गाउँपालिकाका पूर्वअध्यक्ष हरिनारायण चौधरीले पार्टी परित्याग गरेको घोषणा गरेका हुन् । शुक्रबार मात्रै नेकपा एमाले पर्साका प्रवक्ता पवन तिवारीले पनि एमाले परित्याग गरेको घोषणा गरेका छन् । यस्तै, अकुल यादवले पनि एमाले परित्याग गरेर माओवादीमा फर्किएका छन् ।

## पूर्वराजा सीमामा बस्नु पर्छः निधि

**जनकपुरधाम**
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले राजतन्त्र फर्केर आउँछ भन्ने कुरा सपनामा समेत सोच्न नसकिने बताए । उनले पूर्वराजाले राजतन्त्र फर्केर आउँछ भन्ने आशा र सपना नदेख्न बताउदै आफ्नो सीमामा बस्न सुझाव दिए । शनिबार जनकपुरमा आयोजित कार्यक्रममा उनले गणतन्त्रको जग बलियो रहेको उल्लेख गरे ।

उनले नेपाली जनताको बलिनीबाट अहिलेको परिवर्तन आएको बताउँदै त्यो परिवर्तनलाई कसैले उल्टाउन खोज्छ भने त्यो जनताका लागि मान्य नरहेको बताए । 'नेपालमा राजतन्त्र र राणाशाही फर्किन



सम्भव छैन,' उनले भने, 'राजा अपदस्त मात्र होइन, अस्वीकृत भइसकेका छन् ।' उनले नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवकै जिल्लाबाट गणतन्त्र आएको स्मरण गराउँदै यसको स्थायित्वबारे बलियो अडान व्यक्त गरे ।निधिले तत्कालीन राजामा पृथ्वीनारायण शाहलाई सम्मान गर्नुपर्ने बताए । 'नेपालको एकीकरण पृथ्वीनारायण शाहकै नेतृत्वमा भएको हो, त्यसैले उनलाई सम्मान गरिन्छ,' उनले भने, 'तर, पछि राजा र प्रधानमन्त्रीमा शक्तिमोह बढ्दै गयो ।'

## सम्पादकीय

# स्ववियु निर्वाचनले दिएको सन्देश

देशभर स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन भएको छ । यसपटकको निर्वाचनले सत्तारुढ दलहरुलाई चस्का पसेको छ भने प्रतिपक्षमा रहेको नेकपा माओवादी केन्द्र उत्साहित भएको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नै बारा–पर्सा भ्रमणक्रममा भनेका छन्, ‘यो नतिजाले विगतमा चुनावमा गरिएको गठबन्धनलाई पनि खारेज गरेको छ, माओवादी एक्लैको शक्ति नै यति ठूलो देखिनु जनतामा माओवादीप्रति भरोसा रहेको पुष्टि भएको छ ।’ उनले मिनी निर्वाचनकै झल्को दिने स्ववियु निर्वाचनको परिणामलाई लिएर जनतामा उत्साह हुने सञ्चार गरेका छन् । यता सत्तारुढ नेपाली कांग्रेसको भ्रातृसंगठन नेपाल विद्यार्थी संघ र नेकपा एमालेको अनेरास्ववियुले भने सोचेको क्याम्पसमा हार भोगेको छ । सोचेअनुसार प्रगति गर्न सकेको छैन । कैयौँ क्याम्पसमा गठबन्धनका विद्यार्थी संगठनहरु नै स्पर्धामा उत्रँदा अखिल क्रान्तिकारीलाई पनि लाभ भएको छ । त्यसैको वाणी पार्टी अध्यक्ष प्रचण्डको भनाइमा देखिन्छ कि, गठबन्धन नगरी माओवादी एक्लै जनतामा जान जरुरी छ । यो निर्वाचनले माओवादी उत्साहित भइरहँदा सत्तारुढ दलहरु भने चिन्तित छन् ।

नेपाली कांग्रेसभित्रको असन्तुष्टि नेपाल विद्यार्थी संघमा छताछुल्ल भएको छ । यो छताछुल्लमा बागी उठेका उम्मेदवारहरुले संघका आधिकारिक उम्मेदवारलाई जिताउन अवरोध गरेका थिए । यस्तै, अनेरास्ववियुमा पनि उम्मेदवारीका विषयमा बढेको असन्तुष्टिले कल्पना नै नगरिएको कलेजमा पनि नतिजा आफ्नो पक्षमा पार्न सकिएको देखिएन । निर्वाचनको अर्को सन्देश के पनि हो भने केन्द्रमा नेताहरु मिले पनि भ्रातृसंगठन नै मिल्न सक्दैनन् । अस्तित्व स्वीकार गर्ने विषय जटिल छ । बरु पराजय भोग्न तयार हुने तर मिलेर जानेर अस्तित्व स्वीकार गर्ने विषय सहज छैन । यो त भ्रातृसंगठनको विषय हो । यसमा पनि यस्तो असन्तुष्टि छ भने जनतामा अझ दलहरु मिलेर उठे भनेर भोट हाल्ने लालसा कसरी जीवित होला र ? यो सन्देश नेताहरुले आफ्ना दलहरुमा प्रसार गर्न सके कि सकेनन् ? मिनी निर्वाचनले दिएको सन्देश यही हो कि युवापुस्ता केन्द्रका नेताहरुको आदेश मान्न तयार छैनन्, कारबाही भोग्न तयार छन्, पराजय स्वीकार्न तयार छन् भने जनता झन कसरी गठबन्धनमा सधैँ आशावादी भइरहन्छन् र ? कुनै पनि बेला भत्कने र बन्ने गठबन्धनको राजनीतिक बादल र वर्षामा भिजेका जनतालाई गठबन्धनसँग भरोसा गरिरहने मनसाय देखिन्न । जे होस्, स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन भएको छ । निर्वाचनले दिएको सन्देश हो जनता युवा पुस्ता अनुमोदन हुन चाहन्छन् । पराजय स्वीकार्न तयार छन् । प्रतिस्पर्धात्मक राजनीतिमा विश्वास गर्छन् र जनता केन्द्रको आशीर्वाद र दबाब भन्दा फरक ढंगले स्थापित हुन चाहन्छन् । जनताले केही भने नसुन्ने होइन प्रत्यक्ष निर्वाचितहरुले भनेको सुन्ने केन्द्र र जनताको खाँचो छ । जनताले पनि आफूले चुनेकाहरुसँग काम लिन सक्ने हुनुपर्छ । अहिले मिनी निर्वाचनको झल्कोले दलहरु हतास हुने, युवा पुस्तालाई कारबाही गर्ने भन्दा पनि उनीहरुको असन्तुष्टिले राजनीतिमा दीर्घकालसम्म कति असर पुग्छ भन्ने सन्देश हासिल गर्न सक्छन् कि सक्दैनन् ?

# कानुन निर्माणमा सक्रियतादेखि दलितमाथिको ज्यादतीविरुद्ध साझा प्रतिवाद



**रमेश लम्साल**

जनताको आवाज प्रत्यक्ष रूपमा मुखरित गर्ने जनप्रतिनिधिमूलक थलोको रूपमा स्थापित सङ्घीय संसद्को बैठक यस साता नियमित रूपमा सञ्चालन भयो । प्रतिनिधिसभाका चार वटा बैठक बस्यो । राष्ट्रियसभाका तीन वटा बैठक यो साता सम्पन्न भए । प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरदेखि अन्य कानुन निर्माणका दृष्टिले यो साता महत्त्वपूर्ण उपलब्धी भएका छन् । सङ्घीय संसद्को बैठकमा महायज्ञको नाममा दलितमाथि गरिएको ज्यादतीदेखि काठमाडौँको टोखामा ठूलो मात्रामा विदेशी मुद्रा फेला परेको विषयले प्राथमिकता पायो । लामो सङ्घर्षपछि प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि भइरहेको प्रहार विरुद्ध सत्तापक्ष र प्रतिपक्षका सांसदले जमेर प्रतिवाद गर्नुका साथै नागरिकका दैनिक समस्यासँग जोडिएका विषयमा संसद्मा महत्त्वपूर्ण छलफल भए ।

पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सेवा सुविधा दिने सन्दर्भमा सरकारले कानुन नै तयार पार्न लागेको भन्दै संसद्मा प्रतिवाद भयो । सत्तापक्ष र प्रतिपक्षका सांसदले सरकारको उक्त तयारीप्रति आपत्ति जनाउँदै खबरदारी गर्नुभयो । संसदीय गतिविधिका हिसाबले यो साता दुवै सदनले सक्रिय भूमिका निर्वाह मात्रै गरेन, संसदीय समितिका बैठकसमेत नियमित बसे । सङ्घीय संसद् सचिवालयले संसदीय समिति र सङ्घीय संसद् बैठकको नियमित कार्यतालिका तय गरेर कार्यान्वयनमा ल्याएपछि गतिविधि प्रभावकारी रूपमा अगाडि बढेका छन् ।

राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१, निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ लाई प्रतिनिधिसभाबाट प्राप्त सन्देशसहित टेबुल भए । प्रतिस्थापन विधेयकसम्बन्धी व्यवस्थाबारे राष्ट्रियसभा नियमावली, २०७५ र प्रतिनिधिसभा नियमावली, २०७९ का प्रावधान बाझिएको भन्दै राष्ट्रियसभाको शुक्रबारको बैठक १५ मिनेटका लागि स्थगित भएकामा बैठक पुनःसञ्चालनमा आउन सकेन । सङ्घीय संसद् सचिवालयका महासचिव पद्यमप्रसाद पाण्डेले सूचनामार्फत बैठक यही चैत १० गते आइतबार बस्ने जानकारी दिनुभयो । यसअघि विधेयकको तीन महले प्राप्त नभएको भन्दै सांसदहरुले आपत्ति जनाउनुभएपछि बैठक स्थगित भएको थियो । शुक्रबारको बैठकमा दलित समुदायको घरमा डोजर लगाइएको विषयमा सांसदले संसदीय छानबिनको माग गर्नुभएको थियो । सांसद भुवनबहादुर सुनारले सिरहा औरही–५ का दीपक मलिक डोमको परिवारमाथि स्थानीय सरकार प्रमुख नै संलग्न भएर डोजर चलाएको घटनाप्रति आपत्ति प्रकट गर्दै संसदीय छानबिनको माग गर्नुभएको थियो । त्यसैगरी प्रतिनिधिसभाको यही चैत ७ गतेको बैठकमा समेत सो विषय मुखर भएको थियो ।

नेकपा(माओवादी केन्द्र)का सांसद रणेन्द्र बराइली, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियार र नेकपा(एमाले)का सांसद सम्झना थपलियाले यज्ञको नाममा दलितको घरमा डोजर लगाउने विषय कुनै पनि अर्थमा क्षम्य नभएको भन्दै आपत्ति जनाउनुभएको थियो । सांसद परियारले भन्नुभएको थियो, ‘धर्मको आडमा सिरहामा जे घटना घट्यो त्यो जातीय विभेदको चरम घटना हो । त्यस घटनाले हाम्रो समकालीन चेतना, नेपालको कानुनी शासन, मानव अधिकारप्रतिको प्रतिवद्धता र संविधानलाई गिज्याएको छ ।’ सांसद रणेन्द्र बराइली भन्नुभयो, ‘नेपालमा दलितले टेक्ने माटो नै छैन भनेपछि कहाँ जाने त ? दलितले टेकेको धर्तीसमेत अपवित्र हुन्छ भने अब दलितले कुन धर्ती टेक्ने ?’ यसै साता प्रतिनिधिसभाले आर्थिक विकास तथा लगानी विस्तारसँग जोडिएका विधेयक प्रतिनिधिसभामा धमाधम पारित भएका छन् । यसबाट लगानीको थप वातावरण सिर्जना हुने, लगानीकर्तामा थप विश्वास विस्तार भइ मुलुकलाई समृद्ध बनाउन बल पुग्ने सरकारको बुझाइ छ । विहीबार मात्रै प्रतिनिधिसभाले ‘निजीकरण (पहिलो संशोधन विधेयक),२०८१’, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ र ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१’ पारित गरेको छ । यी तीन वटै विधेयकले मुलुकको अर्थतन्त्रलाई थप लयमा लैजान मद्दत गर्नेछ । सरकारले ‘निजीकरण ऐन, २०५०’ लाई समयानुकूल बनाएको छ । सो ऐनको पहिलो संशोधन गर्दै सरकारले विधेयक प्रस्तुत गरेको हो । यसमा सरकारी लगानी व्यवस्थापन तथा प्राथमिकता निर्धारण गर्ने विषयलाई महत्वका साथ समावेश गरिएको छ ।

सरकारले यसअघि सङ्घीय संसद्को बैठक नबसेको समयमा सो विधेयकलाई अध्यादेशमार्फत कार्यान्वयनमा ल्याएको थियो । घाटामा रहेको, रुग्ण अवस्थामा भएका वा अन्य कुनै पनि कारणले समस्यामा परेको उद्योग प्रतिष्ठानलाई थप सबल बनाउने उद्देश्य राखिएको छ । विधेयकमाथिको दफावार छलफलमा सहभागी संशोधनकर्ताको प्रश्नको जवाफ दिँदै मन्त्री पौडेलले निजीकरणलाई निर्विकल्प बनाउन नहुने बताउनुभएको थियो । उहाँले कमजोर क्षमतामा चलेका, रुग्ण र बन्द रहेका सार्वजनिक प्रतिष्ठानलाई प्रभावकारी ढङ्गमा सञ्चालन गर्न निजीकरणलाई एकमात्र विकल्पका रूपमा लिनु हुँदैन भन्ने संशोधनको मूल मर्म हो भन्नुभयो । प्रतिपक्षी दलका सांसदले देशको अर्थतन्त्रलाई प्रस्तुत विधेयकले सम्बोधन गर्न, विकास एवं सुशासन तथा सामाजिक न्याय सुनिश्चित गर्न नसक्ने टिप्पणी गर्नुभएको थियो ।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ प्रतिनिधिसभाले बहुमतले पारित गरेको छ । सो विधेयकले बजेट निर्माण प्रक्रियालाई सहज बनाउने सरकारको बुझाइ छ । विधेयकले नेपालको संविधानको मर्म र सङ्घीयताको मर्मअनुरूप नै बजेट निर्माण गर्ने विषयलाई सुत्रबद्ध गरेको छ । त्यस्तै प्रतिनिधिसभाले ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१’ पनि पारित गरेको छ । सो विधेयकले पनि आर्थिक तथा व्यावसायिक वातावरण निर्माण गरी लगानी अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । विभिन्न ऐनलाई सरकारले समयानुकूल र लगानीमैत्री बनाउने उद्देश्य राखेर सो विधेयक प्रस्तुत गरेको हो । सो विधेयकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, राजस्व न्यायाधिकरण ऐन, २०१३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ का केही प्रावधान संशोधन गरेको छ । यसैगरी, मध्यस्थता ऐन, २०५५, कम्पनी ऐन, २०६३, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, औद्योगिक व्यवसाय ऐन, २०७६, पनि सो विधेयकमार्फत संशोधन गरिएको छ ।

यही चैत ६ गतेको राष्ट्रियसभाको बैठकले ‘विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट प्राप्त बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०’ पारित गरेको थियो । त्यसदिन ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन’लाई संशोधन गर्ने विधेयक, २०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देशहरू सभासमक्ष टेबुल भएको थियो । ती विधेयकमाथि शुक्रबार छलफल गरी पारित गर्ने कार्यसूची भएपनि राष्ट्रियसभा नियमावली, २०७५ को नियम ९३ मा अध्यादेशमार्फत ल्याइएको विधेयकलाई प्रतिस्थापन विधेयकका रूपमा संसद्मा ल्याउनुपर्ने भए पनि ‘प्रतिस्थापन विधेयक’ भन्ने शब्द नराखिएकाले छलफल हुन नसक्ने भन्दै रेणु चन्दले नियमापत्ति गर्नुभयो । उहाँको नियमापत्तिपछि राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले नियमावलीमा भएका व्यवस्था बाझिएकाले केही समयका लागि बैठक स्थगित भएको घोषणा गर्नुभएको थियो ।

प्रतिनिधिसभाको चैत ६ गतेको बैठकले ‘सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको थियो । सोही दिन राष्ट्रियसभामा उत्पत्ति भएको ‘तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१’ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको थियो । प्रतिनिधिसभाको चैत ३ गतेको बैठकमा सांसदले पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सुविधा दिने विषयप्रति असन्तुष्टि जनाउनुभएको थियो । बैठकको आकस्मिक समयमा नेपाली कांग्रेसका सांसद रामकृष्ण यादवले पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिन नहुने धारणा राख्नुभएको थियो । उहाँले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा पूर्वविशिष्ट पदाधिकारीलाई आजीवन सुविधा दिने कुरा शोभनीय नभएको भन्दै आपत्ति प्रकट गर्नुभयो ।

माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा जनतालाई राहत दिएर भरोसा बढाउनुपर्ने बेलामा पूर्वविशिष्ट पदाधिकारीलाई सेवा सुविधा दिने प्रस्ताव प्रति असन्तुष्टि व्यक्त गर्नुभएको थियो । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का प्रकाश ज्वालाले मुलुकको अर्थतन्त्र खस्किएको अवस्थामा राज्यलाई अतिरिक्त आर्थिक भार थपिने गरी पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिन नहुने धारणा राख्नुभएको थियो । त्यसदिनको बैठकको शुन्य समयमा समेत अधिकांश सांसदले सोही विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सांसद चित्रबहादुर केसीले पूर्वविशिष्ट पदाधिकारीलाई सेवासुविधा दिने सरकारको तयारीको आलोचना गर्नुभएको थियो । उहाँले पछिल्लो समय जनता र सरकारबीचको दूरीलाई यसले अझ चर्काउन सक्ने भन्दै गम्भीर हुन सरकारसँग आग्रह गर्नुभयो । ‘मुलुकको यस्तो आर्थिक अवस्था देख्दादेख्दै, यतिबेला सरकारले पूर्वविशिष्टलाई कानूनी व्यवस्था गरेर सेवासुविधा दिने कुरा गर्ने ?,’ उहाँले भन्नुभयो, ‘सरकार र व्यवस्थाप्रति जनताको आक्रोश अझ बढ्ने छ । सरकार गम्भीर हुनुपर्छ ।’

त्यसदिन सँसदहरुले बाँकेको जयन्दु बालसुधार गृहमा भएको झडपमा परी ४९ जना घाइते भएको घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । सांसद सूर्यप्रसाद ढकालका अनुसार, विसं १९८० मा नेपालमा कारागार स्थापना भएको सो सुधार गृहमा महिलासँगै पाँच वर्षमुनिका ४२ जना आश्रित बालबालिका रहेको तथ्याङ्क दिनुभयो । बैठकको आकस्मिक समयमा सांसद हितराज पाण्डेले गत फागुन २८ र २९ गते गण्डकी एवं बागमती प्रदेशका विभिन्न जिल्लामा आएको असिनाबाट किसानलाई ठूलो क्षति भएको बताउनुहुँदै क्षतिको तथ्याङ्क सङ्कलन गरी संसद्मा जानकारी गराउन माग गर्नुभएको थियो । बैठकमा नेपाली जनताको त्याग र बलिदानबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतत्तात्मक व्यवस्थाप्रति फैलाइएको गलत प्रचारका विरुद्ध सांसदले प्रतिवाद गर्नुभएको थियो । उहाँहरुले मुलुकमा भ्रम र निराशाको खेती व्यापक रूपमा चलेको एवं कतिपय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको दुरूपयोग भइरहेकामा आपत्ति प्रकट गर्नुभयो ।

एमालेका सांसद रघुजी पन्तले २०६५ जेठ १५ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछिको १५ वर्षपछि नेपालीको आय यो अवधिमा झण्डै तीनगुणा बढेको जानकारी दिनुभएको थियो । ‘आर्थिक विकासका साथसाथै लोकतन्त्रको महत्व बढी छ,’ सांसद पन्तले भन्नुभयो, ‘राजाको ३० वर्षे पञ्चायतीकालभन्दा अहिलेको व्यवस्थामा देशमा धेरै आर्थिक विकास र जनताको प्रगति भएको छ । त्यसैले राजाको पालामा र अहिलेको पालामा तुलना गर्ने हो भने अहिले जनताको जीवनस्तरमा सुधार आएको छ । तर, केही भएन भनेर जनतामा गलत भ्रम फैलाउने भाष्य बनाइएको छ ।’ उहाँले थप अगाडि भन्नुभएको थियो, ‘तराईको भूमिपुत्रलाई राष्ट्रपति बनाइयो के बिग्रियो ?, सुदूर पहाडकी चेली राष्ट्रपति भइन् के बिग्रियो ?, भोलि, राई, लिम्बू वा कुनै समुदायको व्यक्ति राष्ट्रपति होला किन आपत्ति गर्नुपर्‍यो ।’

माओवादी केन्द्रका सांसद विमला सुवेदीले पछिल्लो समय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विरोध भइरहेकाले सरकारले जनताका पक्षमा प्रभावकारी काम गर्नुपर्ने खाँचो औँल्याउनुभएको थियो । उहाँले राजतन्त्रवादीहरु व्यवस्थाकाविरुद्धमा लागेको उल्लेख गर्दै बेलैमा सचेत रहन र गणतन्त्रप्राप्तिका लागि भएका योगदानको सम्मान गर्न सबैले ध्यान दिनुपर्ने बताउनुभएको थियो । सांसद सुवेदीले भन्नुभयो, ‘यो लोकतान्त्रिक शासन व्यवस्थामा राजा ल्याउने सपना देख्न पाइन्छ तर राजतन्त्र फर्काउने कुरा सम्भव छैन । राजसंस्था फर्केला भनेर भ्रमको खेती गर्न पनि पाइन्न ।’ त्यसदिनको बैठकले ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो ।

यसैगरी चैत ४ गते प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैको बैठक बसे । त्यसदिन प्रतिनिधिसभाले ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमाथि प्राप्त संशोधनसहित दफाबार छलफलसहित पारित भए । त्यसैगरी राष्ट्रियसभाको बैठकले बैकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० सम्बन्धि समितिको प्रतिवेदन पेश भयो भने तिलगंगा नेत्र विश्वविद्यालय विधेयक छलफलसहित पारित गर्‍यो । रासस

# भारतीयको रोजाइमा सिन्की नेपाली हस्तकला र विजयसालका भाँडा

**कमलकुमार बस्नेत र राजेन्द्र विष्ट**



‘आउनुहोस्, भाँडा र जानकारीमध्ये कम्तीमा एउटा लैजानुहोस्,’ स्टलमा आउने सबैजसो ग्राहकलाई विजयसालका भाँडा देखाउँदै कञ्चनपुरका गणेशराज बोहोराले भन्नुभयो, ‘यी भाँडामा पानी राखेर खाँदा फाइदै फाइदा छन् ।’ भारतको देहरादूनमा शुक्रबारदेखि सुरु इन्डो–नेपाल व्यापार मेलामा अकलोकनकर्तालाई बोहोराले विजयसालका भाँडामा पानी राखेर खाँदाका अनेकन फाइदा एक–एक गरी सुनाउनुभयो । ‘रातभर यी भाँडामा पानी राखेर बिहान खाली पेटमा पिउँदा मधुमेह, उच्च रक्तचाप, कोलेस्टोरेल, शरीरको दुःखाइ निको पार्छ, शरीरको दुखाइ तौल नियन्त्रण गर्न पनि राम्रो हुन्छ,’ उहाँले भन्नुभयो ।

उपभोक्ताले उहाँका कुरा चाख मानेर सुनिरहेका थिए । ‘भाँडा बनाउनेले आयुर्वेदका कुरा गरेको नसुहाउला, म त धेरै जान्दिन, यसबारे इन्टरनेटमा सर्च गर्नु त,’ उहाँले थप्नुभयो । सामान बिक्री गर्नुभन्दा बढी यसबारे जानकारी दिनु हो भन्ने उहाँलाई लाग्छ । सबैले यसको महत्व थाहा पाए, यति सामान बिक्री हुन समय लाग्दैन भन्ने उहाँले बुझ्नुभएको छ । त्यसैले उहाँ सबैलाई फोटो खिच्न र युट्युवमा भिडियो हेर्न आग्रह गर्दै हुनुहुन्थ्यो । ‘आज नकिन्नेले घर गएर युट्युवमा हेरे भोलि किन्न आइहाल्छन्, त्यसैले सबैलाई यसबारे फोटो खिच्न भनिरहेको छु,’ उहाँले भन्नुभयो । अघिल्ला दुई वटा महोत्सवमा राम्रो व्यापार हुँदा हौसिनुभएका उहाँले यसपाली १ सय २ वटा काठका भाँडा ल्याउनुभएको रहेछ । यसपटक उद्घाटन नहुँदै नौ वटा बिक्री भइसकेको उहाँले बताउनुभयो । ‘पहिलो वर्ष १ सय ५० र दोस्रो वर्ष २ सय ३० वटा २–३ दिनमै बिक्री भइसकेका थिए, यसपाली पनि सुरुआत राम्रो छ,’ उहाँले भन्नुभयो । उहाँले विजयसाल काठबाट बनेका आम्खोरा, गिलास र कप बनाउनुभएको छ । धेरै पैसा खर्च नगर्नेका लागि स–साना आकर्षक टुक्रा पनि बनाउनुभएको छ ।

कञ्चनपुर भीमदत्त नगरपालिका–१ भाँसी मेरिट महिला मार्केटिङका सञ्चालक बोहोराले २०५७ सालदेखि विजयसालका भाँडा बनाउन सुरु गरेको बताउनुभयो । ‘पहिले त धेरै भाँडा बनाउँथे, अहिले काठ पाइनै छाड्यो, कुनै समय वर्षमा १० हजारसम्म भाँडा बनाए, अहिले ३–४ सय पनि पुग्दैन,’ उहाँले भन्नुभयो । विजयसाललाई संरक्षित बोटको सूचीमा राखेपछि काठ पाउन गाह्रो भएको उहाँको भनाइ छ । उहाँका अनुसार यो काठ कञ्चनपुर, कैलाली र कपिलवस्तुका वनमा बढी पाइन्छ । अहिले कञ्चनपुरका वनमा ढलेपडेका काठ बोलपत्रमार्फत खरिद गर्नुपर्छ, एक क्युफिटको रु तीन हजार तीन सय पर्ने तर पनि पाउन गाह्रो हुने उहाँले बताउनुभयो ।

काठ पाउन छाडेपछि उहाँले पछिल्लो समय भीमदत्त, बेदकोट र बेलोरीका ३०० विरुवा वितरण गर्नुभएको छ । आफैँले पनि तीन वटा बोट रोपेको बताउनुभयो । ‘मैले रोपेको २० वर्ष जति भयो, २०–२२ फिट अग्लो भएको छ, यो काठका लागि मात्रै होइन, खोट र पातको पनि ओषधीय प्रयोग गर्ने चलन छ,’ उहाँले भन्नुभयो ।

महोत्सवमा विजयसालका काठबाट निर्मित भाँडामा जस्तै नेपाली रुद्राक्ष तथा बोधिचित्तको माला, सल्यानको खुकुरी, पाल्पामा उत्पादित ढाकाका विभिन्न पहिरन, सिन्की, नेपाली पोते, मस्यौराका साथै रुकुम रोल्पामा उत्पादित भीर मौरीको मह, थाङ्का चित्रकलामा पनि देहरादूनबासीले उत्तिकै चासो दिएका छन् । महोत्सवमा नेपाली हस्तकला धेरैले मन पराएका छन् । महोत्सवमा भाग लिन चितवन भरतपुरबाट आउनुभएकी मान्द्रो नेपालकी सञ्चालक अम्बी धितालले आफूले नेपाली उत्पादनहरु मस्यौरा, तितौरालगायत ल्याएको बताउनुभयो । ‘हाम्रो कुल उत्पादनमध्ये ६० प्रतिशत विदेश निर्यात हुन्छ, यो महोत्सवले देहरादूनमा बजार विस्तारमा सहयोग गर्ने अपेक्षा छ,’ उहाँले भन्नुभयो ।

महोत्सवमा काठमाडौँ कीर्तिपुरबाट पुग्नुभएकी राजधानी हस्तकलाकी सञ्चालक रजनी चित्रकार आफू यसअघि तीन पटक यस महोत्सवमा सहभागी भइसकेको उल्लेख गर्दै विगतका महोसत्वमा राम्रो व्यापार भएकाले यसपाली पनि आएको बताउनुभयो । ‘सामान यहाँसम्म ल्याउन कञ्चनपुर उद्योग वाणिज्य सङ्घले सहयोग गरेको छ, स्टल निःशुल्क उपलब्ध गराएको छ, महोत्सवले नेपाली हस्तकलाको बजारीकरणका लागि सहयोग पुगेको छ,’ उहाँले भन्नुभयो । कैलाली घोडाघोडी–२ मा अशिषेक मौरीपालन फर्म सञ्चालक उमा खत्रीले महोत्सव नेपाली उत्पादनको प्रचारप्रसारका लागि उपयुक्त थलो भए पनि उत्पादन ल्याउनका लागि सहज नभएको बताउनुभयो । ‘महोत्सवमा सहभागी हुँदा नेपाली उत्पादनको प्रचारप्रसार तथा नयाँ बजार खोज्नमा सहयोग पुग्छ तर सीमाबाट सामान ओसारपसारमा भने सहज हुनु जरुरी छ,’ नेपाल मौरीपालन सङ्घका केन्द्रीय उपाध्यक्ष खत्रीले भन्नुभयो, ‘अहिले पनि सामान ल्याउन सहज भएन, दुवै देशका सरकारले यस विषयमा ध्यान दिन जरुरी छ ।’

काठमाडौँ नागार्जुनमा ग्लोबल नेचर एग्रोटेक सञ्चालन गरिरहनुभएकी संगीता गुरुङले रोल्पा र रुकुममा उत्पादित भीर मौरीको मह ल्याएको बताउनुभयो । ‘श्रीमान ओमप्रकाश गुरुङ आफैँ भीर मौरीको मह निकाल्न जानुहुन्छ, भीर मौरीको मह धेरैले रुचाउनुभएको छ, त्यसबाहेक टिमुर र कोदोको पीठोको बिक्री पनि राम्रो छ,’ उहाँले भन्नुभयो, ‘महोत्सवका कारण नेपाली उत्पादनलाई यहाँसम्म ल्याउन सजिलो भयो ।’ काठमाडौँ कोटेश्वरमा कोसेली ढाकाका सञ्चालक करुण राईले भने हातले बुनेका विभिन्न पोशाक ल्याएको बताउनुभयो । ‘यो पोशाक मात्रै होइन, नेपाली पोशाक र नेपाली हस्तकलाको प्रवर्द्धन पनि हो, देहरादूनमा उल्लेख्य संख्यामा नेपाली रहेकाले महोत्सवमा सहभागी भएका हौँ,’ उहाँले भन्नुभयो ।

महोत्सवमा भक्तपुरस्थित कुवेर थाङ्का एण्ड आर्टस् एण्ड ट्रेडर्सका सञ्चालक लायन तामाङ पनि भेटिनुभयो । उहाँले स्टलमा रुद्राक्ष, बोधिचित्तका मालाका साथै, ५० हजार रुपैयाँसम्म मूल्य पर्ने थाङ्का बिक्रीका लागि राख्नुभएको छ । ‘महोत्सव नेपाली चित्रकलालाई अन्तरराष्ट्रिय स्तरमा प्रवद्र्धन गर्ने अवसर पनि हो, चित्रकलामा धेरैले चाखपूर्वक अवलोकन गरेका छन्,’ उहाँले भन्नुभयो । त्यसअवसरमा अल्लोबाट निर्मित वस्तु, सल्यानी खुकुरी, ढाकाका कपडा, नेपाली पोतेलगायतका गहना, नेपालमा उत्पादित जुत्ता तथा विभिन्न हस्तकलाका सामग्री प्रदर्शनीमा राखिएका छन् । महोत्सवमा नेपालका ५० र भारतका १ सय ५० वटा स्टल छन् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# ‘यमगज’को आतङ्क, बालीनालीमा क्षति

**मुकेश कुमार साह**
**रौतहट ।**

महिनौँदेखि चन्द्रपुर नगरपालिकाको जङ्गल क्षेत्रमा बस्दै आएको घाइते हात्ती ‘यमगज’को आतङ्कका कारण स्थानीय किसान ठूलो समस्यामा परेका छन् । विशेषगरी चन्द्रपुर–३, गैंडाटार पुरानोटोलका किसान बालीनाली नष्ट भएपछि आर्थिक संकटमा परेका छन् । स्थानीय कृषकका अनुसार घाइते भए पनि हात्ती रातका समयमा खेतबारीमा पसेर केरा, मकै, धान, काउलीलगायतका बाली सखाप पार्ने गरेको छ ।

‘रातभर जाग्राम बस्नुपर्छ, हात्तीले खाएर मात्र होइन, कुल्चेरसमेत बाली नष्ट पार्छ । खेतीयोग्य जमिनमै डेरा जमाएपछि समस्या झन् बढेको छ,’ स्थानीय कृषक सागर दाहालले गुनासो गरे । सामान्यतया घाइते हात्ती जङ्गलमै बस्ने गरे पनि गाउँनजिकै नर्सरी क्षेत्रमा आश्रय लिएर बसेको छ । हात्तीले खेतीबाली नष्ट गर्नुका साथै स्थानीयलाई समेत डरत्रास बढाएको छ ।



‘एकातिर हात्ती घाइते भएर असहाय छ, अर्कोतिर हाम्रो खेतबारी सखाप पार्दैछ । किसानको जीवनयापनमै असर पर्ने गरी हात्तीले क्षति पुऱ्याए पनि समाधानका लागि कुनै निकायले ध्यान दिएको छैन,’ स्थानीय कृषकले गुनासो गरे । यसअघि पनि किसानले डिभिजन वन कार्यालय र स्थानीय प्रशासनलाई हात्तीको आतंकबारे जानकारी गराएका थिए । तर, उद्धार र उचित व्यवस्थापन अभावले समस्या झन् बढ्दै गएको छ ।

‘सरकारले हात्ती संरक्षण गर्छ तर किसानको क्षति कसले बेहोर्छ ? खेती चौपट हुँदा राहत कसले दिन्छ ?’ स्थानीय किसानले प्रश्न उठाएका छन् । चन्द्रपुर–३ का वडाध्यक्ष बोधनाथ देवकोटाले घाइते हात्तीलाई तत्काल उद्धार गरेर अन्यत्र पठाउनु पर्ने बताए । ‘हात्तीलाई उद्धार गरी निकुञ्जले लैजानुपर्छ । यदि तत्काल उद्धार नगर्ने हो भने किसानले बाध्य भएर डिभिजन वन कार्यालयमा धर्ना दिने र प्रदर्शन गर्नेछन्,’ उनले चेतावनी दिए । स्थानीय कृषकले घाइते हात्तीको दीर्घकालीन व्यवस्थापन गर्न सरकारसँग माग गरेका छन् ।



**पानी:** विश्व पानी दिवसमा पदयात्राः ३३ औँ विश्व पानी दिवसको अवसरमा लहान नगरपालिकाको समन्वयमा दलित जनकल्यान युवा क्लबद्वारा लहान–१६ स्थित तरेगणामा आयोजित पदयात्राका सहभागी । तस्बिरः सुदीप राउत

# किसानले लगाएको बाली असिनाले नष्ट

रौत्हटको उत्तरी भेगमा शुक्रबार मध्यराति आएको भीषण हावाहूरीसहितको असिनापानीले किसानको बालीमा ठूलो क्षति पुगेको छ । चन्द्रपुर, फतुवाविजयपुर, गुजरा तथा वृन्दावन नगरपालिकाका विभिन्न वडामा गहुँ, मकै तथा तरकारीबाली नष्ट भएको छ । वृन्दावन–१ का किसान रामलोचन राउतको एक बिघा १० कठ्ठा मकै पूर्णरूपमा नष्ट भएको छ भने चन्द्रपुर–१० का किसान अवधलाल राउतले लगाएको काँक्रो, साग, करेला, प्याज, खुर्सानी तथा डेढ बिघाको मकैबाली नष्ट भएको छ । वृन्दावन जल उपभोक्ता समितिका सचिव सुरेन्द्रप्रसाद पटेलका अनुसार बलेरी क्षेत्रका ५ सय बिघा मकै असिनाले नष्ट गरेको छ ।कृषि ज्ञान केन्द्रले क्षतिको विस्तृत विवरण संकलन भइरहेको जनाएको छ । यसैबीच, रौतहट क्षेत्र नम्बर ४



का प्रतिनिधि सभा सदस्य देवप्रसाद तिमल्सिनाले किसानको दुःखद अवस्था र आर्थिक संकटलाई मध्यनजर गर्दै सरकारसँग राहत र क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

# कोशी कोलोनी बस्तीमा पक्की सडक बन्ने



**मधेशदृष्टि**
**सप्तरी ।**

राजविराज नगरपालिकासँग जोडिएको सप्तरीको विष्णुपुर गाउँपालिका–६ स्थित कोशी प्रोजेक्ट कोलोनी बस्तीमा पक्की सडक निर्माण हुने भएको छ । ५९ लाख ९९ हजार रुपैयाँको लागतमा निर्माण हुने पक्की सडक ढलान कार्य शनिबार गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले शिलान्यास गरेका छन् ।

गाउँपालिका कार्यालयको ५५ लाख ८२ हजार ७१ रुपैयाँ तथा जनसहभागिताको ४ लाख १७ हजार ६ सय रुपैयाँको लगानीमा बन्न लागेको सडक २०८२ जेठ १५ गते भित्र सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कम्पनीसँग सम्झौता गरिएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिए । बस्तीमा ८० घरधुरी परिवार छन् । सडक ढलान निर्माण कार्य सम्मपन्न भएपछि ती परिवारका साथै आसपासका बासिन्दालाई समेत सहज हुने अध्यक्ष यादवको कथन छ । उनले अति पुरानो बस्तीको रुपमा रहेको कोशी प्रोजेक्ट कोलोनीका बासिन्दाको सहज आवतजावतका लागि आफूले सडकका लागि पहल गरेको बताए । शिक्षा, स्वास्थ्य र कृषिका साथै बाटोघाटो निर्माण आफ्नो उच्च प्राथमिकतामा रहेको उनको भनाइ छ । जसपा नेपाल गाउँकमिटी सचिव राहुल राय, वडा कमिटी अध्यक्ष देवनारायण यादव तथा स्थानीय भद्रभलादमीको उपस्थिति थियो ।

# दुई दिनमा ३८ क्वीन्टल गाँजा नष्ट



**मधेशदृष्टि**
**सप्तरी ।**

सप्तरी प्रहरीले दुई महिना यता जिल्लाको विभिनन स्थानबाट ठूलो परिमाणमा बरामद गरेको लागुऔषध गाँजा नष्ट गर्ने कार्यलाई दोश्रो दिन शनिबार पनि निरन्तरता दिएको छ । यसैक्रममा शनिबार १३ क्वीन्टल ९६ केजी गाँजा राजविराज–१५ स्थित खाडो खोला किनारमा नष्ट गरिएको छ ।

गाँजा तस्करीका लागि गाडीमा राखेर लैजाँदै गरेको अवस्थामा प्रहरीले विभिन्न मितिमा सप्तरीको बोदेबरसाइन नगरपालिका र बलानबिहुल गाउँपालिका क्षेत्रबाट बरामद गरेको थियो ।

अघिल्लो दिन पनि प्रहरीले सोही स्थानमा २४ क्वीन्टल गाँजा जलाएर नष्ट गरेको थियो । बरामद गाँजा ठूलो परिमाणमा रहेकाले जनस्वास्थ्यको ख्याल गरी मानव बस्तीबाट टाढा एकान्त स्थलमा पुऱ्याई जलाएर नष्ट गर्न थालिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले बताए ।

# बैंकरहरुको ऱ्याली सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

ग्लोबल मनी विकका अवसरमा वीरगंजमा बैंक तथा वित्तीय संस्था एक जुट भई माइस्थान प्रांगणबाट ऱ्याली निकालेर घण्टाघर पुगेर समापन भएको छ ।

कर्पोरेट डेभलपमेन्ट बैंक, सांग्रिला विकास बैंक, गरिमा विकास बैंक, कामना सेवा विकास बैंक, महालक्ष्मी विकास बैंक, मुक्तिनाथ विकास बैंक, लुम्बिनी विकास बैंक, गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स, सेन्ट्रल फाइनान्स, गोर्खाज फाइनान्स, प्रोग्रेसिभ फाइनान्स, बेस्ट फाइनान्स तथा मञ्जुश्री फाइनान्सलगायतका बैंक सहभागी थिए । कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत लालबहादुर थिङको पनि उपस्थिति थियो ।

प्रमुख कार्यकारी अधिकृत थिङ र गुहेश्वरी मर्चेन्ट बैंकिङ एण्ड फाइनान्सका प्रदेश प्रमुख राजेश कुमार गुप्ताका अनुसार ग्लोबल मनी विक वार्षिक कार्यक्रम हो । विश्वभरका बालबालिका, युवा तथा व्यवसायीमा वित्तीय साक्षरता प्रवद्र्धन गर्ने उद्देश्यले कार्यक्रम हुने गर्छ । कार्यक्रम मार्च महिनामा प्रत्येक वर्ष मनाइन्छ । बचत, बजेट निर्माण, लगानी र ऋण व्यवस्थापनका विषयमा कार्यशाला, स्कूल कार्यक्रम र सामुदायिक कार्यक्रम सञ्चालन गरिन्छ ।

# प्रहरी कर्मचारीको निःशुल्क स्वास्थ्य जाँच

**मधेशदृष्टि**
**रौतहट ।**

चन्द्रपुरमा प्रहरी कर्मचारीको निःशुल्क स्वास्थ्य जाँच गरिएको छ । इलाका प्रहरी कार्यालय रौतहटको सहकार्यमा मातहतका प्रहरी कर्मचारीका लागि निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो ।

चन्द्रपुर हस्पिटल चन्द्रनिगाहपुरका प्रमुख डा. सुबास कुमार चौधरीको नेतृत्वमा चिकित्सक टोलीले स्वास्थ्य जाँच गरेको हो ।

जाँचक्रममा ८१ प्रहरी कर्मचारीको ब्लड प्रेसर, सुगर तथा बिएमआइ परीक्षण गरिएको थियो । कार्यक्रममा आवश्यक औषधीसमेत निःशुल्क प्रदान गरिएको थियो ।

स्वास्थ्य परीक्षण कार्यक्रमपछि कार्यालय प्रमुखले प्रहरी कर्मचारीलाई शारीरिक व्यायामका फाइदा, सम्भावित स्वास्थ्य समस्या तथा तिनको रोकथामका उपायबारे सचेतना प्रदान गरे । प्रहरी कार्यालयसँग समन्वय गरी महिनाको एकपटक स्वास्थ्य जाँच व्यवस्था मिलाउन लागिएको चिकित्सक चौधरीले बताए । यसअघि विभिन्न अभियोग लागेर अनुसन्धानका लागि प्रहरी हिरासतमा बसेका थुनुवाको स्वास्थ्य परीक्षण गरिएको थियो ।

# क्रिकेट खेल्न गएका बालक पोखरीमा बिलाए

**मधेशदृष्टि**
**महोत्तरी ।**

एकडारा गाउँपालिकामा क्रिकेट खेल्न गएका बालकको पोखरीमा डुबेर मृत्यु भएको छ ।

एकडारा गाउँपालिका–४ का श्रवण यादवका १० वर्षीय छोरा आलोककुमारको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सन्तुलालप्रसाद जैसवालले बताए ।

गाउँका साथीसँग सोही पालिका–३ स्थित वनमा रहेको एउटा खेतमा बनाइएको क्रिकेट मैदानमा खेल्न गएका आलोक खेलमैदान नजिकको पोखरीमा डुबेका थिए ।

# भन्सार छलेका कपडा बरामद

**मधेशदृष्टि**
**सप्तरी ।**

भन्सार छलेर ल्याइएका ठूलो परिमाणको कपडा प्रहरी बरामद भएको छ । कपडा ल्याउन प्रयोग गरिएको एउटा टेम्पोसमेत प्रहरीले नियन्त्रणमा लिएको छ । खडक नगरपालिका वडा नम्बर ८ रंजितपुर सडक खण्डमा बोदेबर्साइनबाट बिसनपुर जाँदै गरेको प्र२–०१–००१स ०९२१ नम्बरको टेम्पोबाट भन्सार छलेर ल्याइएका १४ लाख ९ हजार दुई सय ७० रुपैयाँ बराबरको कपडा प्रहरीले बरामद गरेको हो ।

प्रहरी चौकी बिसनपुरबाट खटिएको प्रहरी टोलीले गस्ती तथा चेक जाँचक्रममा भन्सार छलीका कपडा बरामद गरेको तथा टेम्पोसहित आवश्यक कारबाहीका लागि राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

# सञ्चारकर्मीहरुसँग बालअधिकारबारे अन्तरक्रिया

**मधेशदृष्टि**
**रौतहट ।**

बालअधिकार संरक्षण तथा बालबालिकासम्बन्धी विषयमा सञ्चारकर्मीसँग अन्तरक्रिया भएको छ । कार्यक्रम केएनएच संस्थाको सहयोग तथा छोरी संस्था रौतहटको आयोजनामा शनिबार चन्द्रपुरमा भएको हो ।

कार्यक्रममा बालअधिकार, बालश्रम, बालहिंसा तथा सञ्चारमाध्यमको भूमिकाबारे विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रमको अध्यक्षता छोरी संस्थाकी रौतहट संयोजक कोपिला तिमल्सिनाले गरेकी थिइन् भने प्रमुख अतिथि सञ्जय कार्की रहेका थिए ।

कार्यक्रममा सञ्चारकर्मीहरूले आफ्नो विचार राख्दै सञ्चार क्षेत्रले बालअधिकार संरक्षणमा पुऱ्याउन सक्ने योगदानका विविध पक्षहरूबारे चर्चा गरे ।

वक्ताहरूले बालबालिकाका मुद्दा सञ्चारमाध्यममा प्राथमिकताका साथ उठाउनु पर्नेमा जोड दिँदै, यस्ता अन्तरक्रिया कार्यक्रमले समाजमा सकारात्मक प्रभाव पार्ने उल्लेख गरे । सहभागी सञ्चारकर्मीहरूले पनि आफ्ना अनुभव तथा सुझाव प्रस्तुत गर्दै बालअधिकार प्रवद्र्धनमा सञ्चार माध्यमको भूमिका अझ प्रभावकारी बनाउन आवश्यक रहेको बताए । कार्यक्रममा उपस्थित सञ्चारकर्मीहरूले बालबालिकाका हकहितको संरक्षणका लागि जिम्मेवार पत्रकारिता आवश्यक रहेको बताए ।

# वीरगंज उद्योग वाणिज्य संघका सदस्यहरु निर्विरोध

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज उद्योग वाणिज्य संघमा कार्यकारिणी समितिका सदस्यहरु निर्विरोध चयन भएका छन् । ३५ कार्यकारिणी समिति चयन गर्ने विधान अनुरुप निर्विरोध सदस्यबाट पदाधिकारी चयन हुनेछ ।

३५ जना कार्यकारिणी सदस्यमा वाणिज्यका १५, उद्योगका १३ र एसोसिएटका ६ तथा र एफिलिएटमा एकजना निर्विरोध चयन भएका हुन् । प्रमुख निर्वाचन अधिकृत बालमुकुन्द खरेलका अनुसार, कार्यकारिणी सदस्यबाटै पदाधिकारी चयन हुनेछ । यसका लागि आइतबार मतदान हुनेछ । अध्यक्षमा यसअघिका बरिष्ठ उपाध्यक्ष हरि गौतमको दाबी छ ।

अघिल्लो कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष रहेका गौतम, उपाध्यक्षद्वय माधव राजपाल र मनोज दास, महासचिव आशिष लाठ, सचिव प्रेमचन्द गोयललगायतका पदाधिकारी सदस्यमा निर्विरोध चयन भएका छन् ।

## वारिसनामा बदर सम्बन्धी सूचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नम्बर– १ मा जन्म भई जिल्ला ललितपुर उपमहानगरपालिका वडा नम्बर–१ बस्ने स्व. जसकरणको नाति बिजय सिंह चौरडियाको छोरा वर्ष ३३ को बिनित कुमार चौरडिया ना.प्र. नं. ५५९७६ मिति २०४९/०१/०७ जि.प्र.का ललितपुरले मिति २०६२/०२/२० गते दर्ता नं. ४५६ नेपाली राजदुतावास नयाँ दिल्लीबाट काठमाण्डौ महानगरपालिका वडा नम्बर–३३ दिल्लीबजार बस्ने जसकरणको नाति खमचन्द्रको छोरा वर्ष ३२ को बिनेश कुमार चौरडिया ना.प्र. नं. ७७८५ मिति २०५०/०१/१८ जि.प्र.का. काठमाण्डौलाई मुलुकी ऐन अ. व. ७१ (क) तथा रजिष्ट्रेशन महलको ११ (क) नम्बर अनुसार दिएको अधिकार तथा अधिकृत वारिसनामा मिति २०८१/१२/१० देखी बदर गर्दछु ।

**बिनित कुमार चौरडिया**
ललितपुर महानगरपालिका–१

# नर्सिङमा मिश्रित नतिजा सभापति अनेरास्ववियुको पोल्टामा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नर्सिङ क्याम्पसको स्ववियु सभापतिमा अनेरास्ववियुकी आर्जु राय विजयी भएकी छिन् । उनले १ सय ३ मत पाएकी छिन् । प्रतिस्पर्धी नेविसंघकी दिव्यान्शी श्रेष्ठ ९५ मतमा रोकिएकी छिन् । सचिवमा भने नेविसंघबाट मन्दिरा चिमैरिया १ सय ४ मतसहित निर्वाचित भएकी छिन् ।





कोषाध्यक्षमा नेविसंघकै आशिका पौडेल १ सय १५ मतसहित निर्वाचित हुँदा सदस्यमा यशोदा कुमारी बिस्ट, सुनिता बिस्ट, विशेषत शाही ठकुरी, प्रदिल घिसिङ र चाँदनी यादव निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत अञ्जु महतोले जानकारी दिइन् ।

यता, ठाकुरराम बहुमुखी क्याम्पसमा भएको स्ववियु निर्वाचनको मतगणना प्रक्रिया अझै अन्यौलमै छ । मतगणना शुरु भएको केही समयमै स्थगित भएको थियो, चार दिन बित्दासमेत प्रक्रिया सुचारु हुनसकेको छैन । निर्वाचनको नतिजा सार्वजनिक हुन ढिलाइ हुँदा निर्वाचन समिति र स्थानीय प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न उठ्न थालेको छ । मतगणनामा धाँधली तथा गम्भीर त्रुटी भएको भन्दै विद्यार्थी संगठनको विरोधका कारण गणना रोकिएको थियो । मतगणना पुनः सुचारु गर्न पटकपटक छलफल भए पनि ठोस सहमति भएको छैन ।

# वाणिज्य संघका अध्यक्ष र महासचिवबीच आरोप–प्रत्यारोप





**राकेश यादव**
**गौर ।**
रौतहट उद्योग वाणिज्य संघमा साधारण सभा गर्ने विषयलाई लिएर विवाद भएको छ । तीनवर्षे कार्यकाल सकिएपछि नयाँ नेतृत्व चयन गर्न गरिने साधारण सभाका विषयमा वाणिज्य संघको अध्यक्ष र महासचिवबीच विवाद उत्पन्न भएपछि तोकिएको मितिमा साधारण सभा हुन नसक्ने अन्यौलता बढ्दै गएको छ ।

शनिबार उद्योग वाणिज्य संघका महासचिव रविन्द्रनाथ गोपाली र अध्यक्ष पण्डित प्रसाद जैसवालले नेपाल पत्रकार महासंघ रौतहट शाखामा छुट्टाछुट्टै पत्रकार सम्मेलन गरेर एकअर्कामाथि आरोप प्रत्यारोप लगाए । महासचिव गोपालीले कार्यसमितिको अवधि गएको पुस २६ गते नै सकिएकाले चैत २३ गते साधारण सभा आह्वान गरेकामा अध्यक्षको आपत्ति भएको बताए । उनले वर्तमान कार्यसमिति नयाँ नेतृत्व चयन गर्ने पक्षमा भए पनि अध्यक्षले विधान विपरीत ६ महिना आफ्नो अवधि लम्ब्याउन खोजेको आरोप लगाए ।

अवधि सकिनुअगावै साधारण सभाको समय निर्धारण गर्नु पर्ने भएकाले पटकपटक मिति तोक्न आग्रह गर्दा पनि अध्यक्षले आनाकानी गर्दै आएकामा आफ्नो अध्यक्षतामा बैठक बसाएर साधारण सभा बोलाउने निर्णय गरेको उनले दाबी गरे ।

महासचिव गोपालीले जालझेल गरेर अवधि लम्ब्याउने खोजेको भन्दै त्यस्तो कुनै पनि हालतमा हुन नदिइने र बिरोध गरे अध्यक्षलाइ पेलेर भए पनि साधारण सभा गराइने चेतावनी दिए । अध्यक्ष सहमतिमा नआए बहुमतका आधारमा साधारण सभा गराउने भन्दै उनले भने, 'विधान विपरीत जादैनौँ । नयाँ सदस्यता शुल्क घटाउने कार्यसमितिको निर्णयअनुसार नै शुल्क लिनेछौँ, कार्यालयमा तालाबन्दी गरिएको अफवाह मात्र हो ।' कर्मचारी नभएका कारण कार्यालय बन्द रहेको छ र दुई आर्थिक वर्षको आयव्ययको लेखा परीक्षण भए पनि एक वर्षको लेखा परीक्षण गराउन अध्यक्षलाइ भन्दा कुनै चासो नलिएको उनले टिप्पणी गरे ।

यस्तै, महासचिव गोपालीकै कारण साधारण सभा नहुने अवस्थामा पुगेको संघका अध्यक्ष पण्डित प्रसाद जैसवालको आरोप छ । कार्यसमिति निर्णयबाट महासचिवको नेतृत्वमा नवीकरण तथा नयाँ सदस्यताको समिति बनाइएको बताउँदै महासचिवले बिना कुनै कागजात सदस्यता रसिद काटेकाले विवाद उत्पन भएको उनले उल्लखे गरे । अध्यक्ष जयसवालले १ हजार ८ सय भन्दा बढी व्यक्तिको बिनाप्रमाण रसिद काटिएको दाबी गरे । सदस्यता रसिद काटिएको विषयमा छलफल गर्न महासचिवलाई भन्दा चासो नलिएकाले यस्तो अवस्था सृजना भएको उनको कथन छ । आफू साधारण सभा गराउन तयार रहेको भन्दै नियम विपरीत वितरण गरिए नयाँ सदस्यता कुनै पनि हालतमा स्वीकार्य नहुने उनले बताए । ३५ दिन अगावै मतदाता नामवली प्रकाशन गर्नु पर्ने प्रवधान रहेकाले अहिलेसम्म त्यो कार्य नभएकाले चैत २३ गते तोकिएको साधारण सभा नहुने उनले बताए । व्यापारीको हकहितका लागि सबै मिलेर अघि बढ्नु पर्ने धारणा राख्दै अध्यक्ष जैसवालले विवादित विषयमा बसेर छलफल गरेर अघि बढ्न महासचिवलगायत अन्य पदाधिकारीलाई आग्रह गरे ।

# गाँजासहित विभिन्न आरोपी पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रहरीले धनुषाको लक्ष्मीनिया गाउँपालिकाबाट चार सय ७७ किलो गाँजासहित एकजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा मधेश प्रदेश ०३–००२ ख २५२० नम्बरको मिनीट्रक जाँच गर्दा ३४ वटा प्लास्टिकले बेरिएका पोकामा लुकाएर ल्याउँदै गरेको अवस्थामा गाँजा फेला पारेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख भुवनेश्वर तिवारीले जानकारी दिए ।

बरामद गरिएको गाँजा, मिनीट्रक र पक्राउ परेका चालक मकवानपुर, पालुङ नगरपालिका–२ फाँटबजारका २४ वर्षीय सञ्जिव सिन्तानलाई सार्वजनिक गरिएको उनले जानकारी दिए । सिन्तानलाई जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको उनले बताए ।

यसैगरी, धनुषाको मुसहर्निया गाउँपालिका–६ बैरिया टोल बस्ने भजु यादवको गोठमा भन्सार छली, तस्करी गरी लुकाएर राखिएको १९ लाख ६२ हजार पाँच सय रुपैयाँबराबरको जुत्ता, मोबाइलको टेम्पल ग्लास, एयरफोन र चार्जर बरामद गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जनकपुरधाम उपमहानगरपालिका–४ कदम चोकबाट शिवम साहको डेराबाट नौ लाख ८० हजार एक सय २० रुपैयाँसहित विभिन्न बैंक खाताको चेकबुक २४ थान, विभिन्न बैंकमा नगद जम्मा गरेको बैंक भौचर ८० थान, सातथान मोबाइल, मोटरसाइकल एक थानसहित अन्य सामग्री बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख तिवारीले जानकारी दिए । यस्तै, जनकपुरधाम उपमहानगरपालिका–१ का ३६ वर्षीय रवी साह र जनकनन्दिनी गाउँपालिका–२ का २२ वर्षीय अब्दुलकवारी शेखसँग नौ लाख नगद, दुई थान मोबाइल र एक थान मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# बाटो विस्तारक्रममा स्थानीय र प्रहरीको झडप

**मधेशदृष्टि**
**बारा ।**
पचरौता नगरपालिका–७ मा बाटो फराकिलो गर्ने क्रममा स्थानीय र प्रहरीबीच झडप भएपछि अतिक्रमण हटाउने अभियान स्थगित गरिएको छ । शनिबार अतिक्रमण हटाउन पुगेका प्रहरी र जेसिभी र स्काभेटरमाथि स्थानीय किशोरी यादव समूहका व्यक्तिले ढुंगामुढा गरेपछि अतिक्रमण हटाउने कार्य अवरुद्ध भएको पचरौता नगरपालिकाका मेयर जलन्धर सिंहले बताए ।

विकास निर्माणको कार्यमा अवरोध पुगेको र प्रहरी प्रशासनले उचित सहयोग नगरेका कारण हाल अभियान रोकिएको भए पनि कानूनी प्रक्रिया पूरा गरेर पुनः अतिक्रमण हटाइने उने स्पष्ट गरे ।

नगरपालिकाको अनुसार वडा नम्बर ७ मा ६० भन्दा बढी गरिब, दलित र सुकुम्बासीले सहमतिमै आफ्ना घरटहरा हटाए पनि किशोरी यादव समूहले राजनीतिक प्रतिशोधकै कारण विवाद सिर्जना गरेको मेयर सिंहले आरोप लगाए । नगरपालिकाको एउटा र भाडामा लिएका दुई गरी तीनवटा जेसिभी तोडफोड गरेर क्षति पु¥याइएको मेयर सिंहले बताए । अचानक ढुंगामुढा शुरु भएपछि जेसिभी चालक तथा नगरपालिकाका कर्मचारी ज्यान जोगाएर भाग्न बाध्य भएका थिए । झडपमा दुवै पक्षबाट आधा दर्जन भन्दा बढी स्थानीय घाइते भएका छन् भने केही प्रहरी पनि घाइते भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

अर्को पक्षले मेयरले धाँधली गरेको, निजी जग्गासमेत खाली गराउन खोजेको आरोप लगाएको छ । यसैबीच नगरपालिकाले अदालती प्रक्रिया पूरा गरेर मात्रै अतिक्रमण हटाउने कार्य शुरु गरेको भए पनि विरोध प्रदर्शन कायमै छ । शनिबार दिउँसो एक समूहले मेयर सिंहको घरमा ढुंगामुढा गरेपछि सुरक्षाका लागि थप प्रहरी परिचालन गरिएको बाराका प्रहरी उपरीक्षक सन्तोष तामाङले जानकारी दिए ।

# क्रिकेट संघसँग सम्झौता सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालको प्रसिद्ध डिजिटल प्लेटफर्म माइ सेकेन्ड टिचर्स नेपाल (माइ सेकेन्ड टिचर्स) र क्रिकेट संघ (क्यान) पर्साबीच सम्झौता भएको छ । शनिबार वीरगंजको टिबी साह क्रिकेट मैदानमा आयोजित कार्यक्रममा सम्झौता आदानप्रदान गरिएको हो ।

सम्झौतामा माइ सेकेन्ड टिचर नेपालकी सिइओ मेघा भट्टराई र क्रिकेट संघ, पर्साका अध्यक्ष मनिष सिंहले हस्ताक्षर गरेका छन् ।

प्रायोजना सम्झौताले माइ सेकेन्ड टिचर नेपालले शिक्षा र खेलकुदलाई सशक्त रूपमा जोड्ने विश्वास दुवै पक्षले लिएको छ ।

दुवै पक्षबीच भएको सम्झौताले स्थानीय क्रिकेट खेलाडीलाई थप अवसर प्रदान गर्दै उनीहरुको प्रतिभा निखार्न महत्वपूर्ण योगदान पुग्ने विज्ञप्तिमा जनाइएको छ ।

सहकार्यबारे जानकारी दिँदै माइसेकेन्ड टिचर नेपालकी प्रमुख भट्टराईले नेपालको १९ वर्षमुनिको पूण्र्न एकदीवसीय वल्डकप क्वालिफायर सिरिजमा क्रिकेट संघ, पर्सासँग सहकार्यले नेपालको शिक्षासँगै खेलकुदको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिन् ।

# रमजानमा हिन्दूद्वारा इफ्तारी आयोजना



**मधेशदृष्टि**
**वीरगंज ।**
इस्लाम धर्मावलम्बीको पवित्र महिना रमजानको उपलक्ष्यमा वीरगंजका हिन्दू युवाले सामूहिक इफ्तारी गरेका छन् । आपसी भाइचारा अभिवृद्धि गर्ने उद्देश्यले वीरगंज आदर्शनगर स्थित बालाजी टि स्टलका सञ्चालक प्रेम कुमार गुप्ताले इस्लाम धर्मावलम्बीका लागि इफ्तारको प्रबन्ध मिलाएका हुन् । आपसी सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न मुस्लिमको मुख्य पर्व रमजानको उपलक्ष्यमा शनिबार साँझ इफ्तारी गराइएको गुप्ताले बताए । गुप्ताले गरेको इफतारमा मुस्लिम तथा हिन्दू समूदायका उल्लेख्य व्यक्तिको सहभागिता थियो । फरक धर्म संस्कृतिको सम्मान गर्दै धार्मिक सहिष्णुता कायम राख्न आफूले सानो प्रयास गरेको गुप्ताले बताए ।

# बागमती प्रदेशको २५ प्रतिशत मात्र बजेट खर्च

**बागमती ।**
बागमती प्रदेशको खर्च निराशाजनक देखिएको छ । प्रदेश सरकारले चालु आव २०८१–८२ को साउनदेखि फागुन महिनासम्ममा कूल बजेटको करिब २५ दशमलव ६२ प्रतिशत मात्र खर्च गर्न सकेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी इन्दराज सन्यालका अनुसार चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँको बजेट ल्याएकामा आठ महिना सकिँदा १० अर्ब ५० करोड २९ लाख नौ हजार रुपैयाँ खर्च भएको छ । बजेटमध्ये चालुको तुलनामा पुँजीगततर्फको बजेट कम खर्च भएको उनको भनाइ छ । यो अवधिमा चालुतर्फ ३५ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १९ दशमलव ९४ प्रतिशत बजेट खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधीवक्ताको कार्यालयले ४७ दशमलव ६९ प्रतिशत, प्रदेशसभा सचिवालयले ३८ दशमलव २२ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले नौ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको सूचना अधिकारी सन्यालले बताए । चालु आवको दोस्रो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको छ । योजनाहरु कार्यान्वयनमा जान नसकेकाले खर्च कम देखिएको छ ।

**राजस्व सङ्कलन बर्सेनि घट्दो**

बागमती प्रदेशको राजस्व सङ्कलन बर्सेनि घट्दै गएको छ । चालु आवको आठ महिनाको अवधिमा बागमती सरकारले लक्ष्यको ३८ दशमलव १३ प्रतिशत मात्र राजस्व सङ्कलन गर्न सकेको छ । सूचना अधिकारी सन्यालका अनुसार प्रदेश सरकारले राजस्व बाँडफाँडबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य राखेकामा यो अवधिमा लक्ष्यको ४७ दशमलव ०३ प्रतिशतअर्थात् १३ अर्ब ९० करोड २७ लाख ६८ हजार रुपैयाँ मात्र राजस्व सङ्कलन गरेको छ । यस्तै, सङ्घीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख रुपैयाँ अनुदान प्राप्त हुने अनुमान गरिएकामा चालु आवको आठ महिनामा लक्ष्यको ५२ दशमलव ५८ प्रतिशत अर्थात् आठ अर्ब १८ करोड ९९ लाख ६४ हजार रुपैयाँ अनुदान प्राप्त भएको छ । प्रदेश सरकारको आन्तरिक स्रोतबाट चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा यो अवधिमा लक्ष्यको ५२ दशमलव ४१ प्रतिशत अर्थात् दुई अर्ब ३७ करोड ८५ लाख ८८ हजार रुपैयाँ राजस्व मात्र सङ्कलन भएको सूचना अधिकारी सन्याललले बताए ।

यसअघि अघिल्लो आवमा बागमती प्रदेशको राजस्व नौ अर्ब तीन करोड ३१ लाख २७ रुपैयाँ सङ्कलन भएको थियो । प्रदेश सरकारले आव २०८०–८१ मा राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त राजस्व, प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्व र सङ्घीय सरकारबाट प्राप्त अनुदान समेतबाट ४८ अर्ब २५ करोड ४३ लाख ७५ हजार रुपैयाँ राजस्व सङ्कलन हुने अनुमान गरिएकामा ती सबै शीर्षकबाट ३९ अर्ब २२ करोड १२ लाख ४७ हजार मात्र राजस्व सङ्कलन गर्न सकेको थियो । आव २०७९–८० मा पनि बागमती प्रदेश सरकारले अनुमान गरेको भन्दा १७ प्रतिशत कम राजस्व सङ्कलन गरेको थियो । प्रदेश सरकारले आव २०७९–८० मा ५५ अर्ब ३१ करोड रुपैयाँ राजस्व सङ्कलनको अनुमान गरेकामा ४५ अर्ब ८ड करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । सङ्घीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आय कर, प्राकृतिक स्रोत उत्खनन् दस्तुर, मालपोतलगायतका राजस्व सङ्कलनमा आएको कमी र आर्थिक मन्दीका कारण सङ्घीय सरकारले केही कार्यक्रम कटौती गर्नुजस्ता कारणले राजस्वमा कमी आएको बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौँडाका प्रमुख हरिप्रसाद उपाध्यायले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन